# ब्युटिसियन सीप अभिवृद्धि तालीम पाठ्यक्रम
# (Beautician Upgrading Curriculum)

**(कम्तीमा १.५ महिने (१९५ घण्टे) आधारभूत तालीम प्राप्त प्रशिक्षार्थीहरूको लागि)**


नेपाल सरकार

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

**व्यावसायिक तथा सीप विकास तालिम केन्द्र**

(विभाग स्तरीय कार्यालय)

**सैंबु, भैंसेपाटी, ललितपुर**

फोन नं. ५५९०८००, ५५९०८०१, ५५९०२५४

फ्याक्स नं. ५५९०८९४

आ.व. २०७४।०७५

# विषय सूची


| क्र.सं. | विषय | पाना नं. |
|---|---|---|
| १. | मौलिक उद्देश्य र लक्ष्य | |
| २. | पाठ्यांश विवरण | |
| ३. | उद्देश्यहरू | |
| ४. | पाठ्यांशको क्रमबद्धता र समयावधि (सैद्धान्तिक र प्रयोगात्मक) | |
| ५. | प्रोजेक्ट केन्द्रीय पाठ्यांश | |
| ६. | रोजगारमूलक सीप मोडेल | |
| ७. | मूल्याङ्कन योजना | |
| ८. | प्रोजेक्ट | |
| ९. | प्रशिक्षण र सिकाईका लागि मार्गदर्शनहरू | |
| १०. | संक्षिप्त विवरण | |
| ११. | ब्युटिसियन सीप अभिवृद्धि (संशोधित) विषयको लागि रोजगारमूलक सीप चार्ट | |
| १२. | उद्यमशीलता विकास | |
| १३. | आवश्यक सामान, मेसिन, औजार तथा उपकरणहरूको विवरण | |

## मौलिक उद्देश्य

कुनै पनि विषयको आधारभूत तालीम हासिल गरेपछि विशेष ज्ञानको आवश्यकता पर्दछ । जस अनुसार परिस्कृत स्तरको ज्ञान हासिल गर्नको लागि सैद्धान्तिक र प्रयोगात्मक तालीम लिनुपर्ने हुन्छ । यस प्रकारको तालीम सञ्चालन गर्नको लागि निर्दिष्ट स्तरीय पाठ्यक्रमको आवश्यकता पर्दछ । यस केन्द्रबाट प्रदान गरिआएको आधारभूत तालीम (Basic Course) बाट मात्र सम्बन्धित सीपको सबै विषय समेटिन नसकिने, साथै हाल बढ्दै गएको बजारको माग, स्वयं तथा वैदेशिक रोजगारको अवसर, सीपको आधुनिकीकरण र तालीम प्राप्त व्यक्तिको आयश्रोतमा हुने वृद्धि समेतलाई ध्यानमा राखी ब्युटिसियन विषयको तालीम सञ्चालन गर्न सीप अभिवृद्धि तालीमको पाठ्यक्रम तयार गरिएको छ ।

## लक्ष्य

यस ब्युटिसियन विषयक सीप अभिवृद्धि तालीमको पाठ्यक्रमको सामान्य उद्देश्य आधारभूत तालीम प्राप्त प्रशिक्षार्थीहरूलाई दक्ष बनाई स्तरीय रोजगारको अवसर पाउनका लागि आवश्यक पर्ने सीप प्रदान गर्नु हो । यस पाठ्यक्रम अनुसार तालिम प्राप्त गरिसकेपछि प्रशिक्षार्थीहरू निम्न कार्यहरू गर्न सक्षम हुनेछन् :

१. महिला तथा पुरूषको कपाल काट्न र सेटिङ्ग गर्न ।

२. हेयर स्ट्रेट, पमिङ्ग आदि गर्न ।

३. विभिन्न प्रकारका कपालको उपचार गर्न ।

४. कपाल रंगाउन, कपाल मल्टिकलर हाइलाइटिङ्ग गर्न, फेसियल गर्न र नेल आर्ट आदि गर्न ।

५. फेब ब्लीच, डिलक्स मेनिक्योर, पेडिक्योर गर्न ।

६. बेहुली तथा मोडल तयार पार्न ।

७. केश श्रृंगार तथा सौन्दर्य सम्बन्धी काममा आवश्यक औजाारहरूको निर्मलीकरण र सरसफाई गर्न ।

८. उद्यमशीलता विकास तालीम लिई सिकेको सीपलाई सदुपयोग गर्न ।

# पाठ्यांश विवरण

१. व्यावसायिक तथा सीप विकास तालीम केन्द्रको ब्युटिसियन अपग्रेडिङ्ग विषयको पाठ्यांश अर्धदक्ष केश श्रृंगार तथा सौन्दर्य सम्बन्धी जनशक्ति उत्पादन गर्नको लागि निर्माण गरिएको हो । यो पाठ्यांश व्यावहारिक सीप र ज्ञानमा केन्द्रित रहेको छ ।

२. यस पाठ्यांशमा कूल १९५ पाठ्यघण्टा समावेश गरिएको छ (१.५ महिना) । ८० प्रतिशत पाठ्यभार प्रयोगात्मक विषयमा १५६ घण्टा र २० प्रतिशत पाठ्यभार सैद्धान्तिक विषयमा ३९ घण्टा पर्छ । जसमा औषत दैनिक ४ घण्टा प्रयोगात्मक कार्य र १ घण्टा सैद्धान्तिक विषय पर्न आउँछ ।


३. यस पाठ्यांशको शुरू देखि अन्त्यसम्म महिला तथा पुरूषको सौन्दर्य तथा व्यक्तित्व दर्शाउन आवश्यक पर्ने व्यावहारिक सीप तथा सैद्धान्तिक ज्ञानका लागि आवश्यक पर्ने सरलबाट कठिन कार्यको आधारमा विकास गरिएको छ ।

४. पाठ्यांशको मुख्य केन्द्रविन्दु प्रयोगात्मक सीप विकासमा रहेको छ । सीपको विकास पाठ्यांशको प्रत्येक इकाई अनुसार गरिएको छ र अभ्यास कार्य, समस्यामूलक इकाइ तालीम अवधिमै संयुक्त रूपमा गराउने व्यवस्था छ ।

५. यस पाठ्यांशको लागि भर्ना योग्यता कम्तीमा ३ महिने (३९० घण्टे) आधारभूत तालीम प्राप्त भएको हुनुपर्छ ।

# उद्देश्यहरू

यस पाठ्यक्रममा समावेश भएको उद्देश्यहरू प्रशिक्षार्थीको कार्यमूलक कामको आधारमा गरिएका छन् । प्रशिक्षण पूरा भएपछि र प्रोजेक्ट समाप्त भएपछि प्रशिक्षार्थीले के गर्न सक्षम हुनुपर्छ वा के थाहा पाउन सक्नु पर्छ भन्ने कुरा उद्देश्यहरूले बताउँछन् । उद्देश्यहरूले नै प्रशिक्षार्थीलाई सैद्धान्तिक र प्रयोगात्मक विषय तयार गर्न मार्ग दर्शन दिन्छन् । कार्य, उद्देश्यहरूले प्रशिक्षण र मूल्यांकनलाई संयुक्त रूपले व्यावसायिक शिक्षाको शिक्षण सिकाइ प्रक्रियामा प्रभावकारिता ल्याउँछ ।





उद्देश्यहरू मूल्यांकनको सिद्धान्तको रूपमा प्रयोग गरी यसले प्रशिक्षार्थीलाई प्रशिक्षकले आवश्यक पर्ने ज्ञान र सीप कतिको राम्ररी प्रदान गरियो भन्ने थाहा पाउन उपयुक्त अवसर मिल्दछ । उद्देश्यहरू नै पाठ्यक्रमको मुटु हो ।

## पाठ्यांशको क्रमवद्धता र समयावधि (सैद्धान्तिक र प्रयोगात्मक)

| क्र.सं. | मुख्य मुख्य कार्यहरू | सैद्धान्तिक | प्रयोगात्मक | समय (घण्टा) |
|---|---|---|---|---|
| १. | हेयर कटिङ्ग एण्ड ब्लो ड्रायर सेटिङ्ग | ४ | १९ | २३ |
| २. | हेयर ट्रिटमेन्ट | २ | ६ | ८ |
| ३. | हेयर स्ट्रेट | २ | ९ | ११ |
| ४. | हेयर पर्मिङ्ग | २ | ९ | ११ |
| ५. | हेयर कलर | २ | ६ | ८ |
| ६. | मल्टि कलर हाईलाईट | १ | ३ | ४ |
| ७. | बेहुली तयार पार्ने | ५ | २३ | २८ |
| ८. | मोडेल तयार पार्ने | ३ | १९ | २२ |
| ९. | फेसियल | ४ | १६ | २० |
| १०. | फेश ब्लीच | २ | ७ | ९ |
| ११. | नेल आर्ट | ३ | १० | १३ |
| १२. | डिलक्स मेनिक्योर पेडिक्योर | ३ | १७ | २० |
| १३. | निर्मलीकरण सरसफाई | ३ | | ३ |
| १४. | उद्यमशीलता विकास | ३ | १२ | १५ |
| | कूल घण्टा | ३९ | १५६ | १९५ |

# प्रोजेक्ट केन्द्रीय पाठ्यांश

चित्र नं. १




सी = सीप


ज्ञा = ज्ञान

व्यावसायिक तथा सीप विकास तालीम केन्द्रका पाठ्यांशहरू प्रोजेक्टमा केन्द्रित छन् । प्रोजेक्टहरूको छनौट र क्रमवद्धता रोजगारको प्रवेशमा आवश्यक कार्य स्तरको ज्ञान र सीपको आधारमा निर्धारण गरिएको छ ।

चित्र नं. १ ले व्यावसायिक तथा सीप विकास तालीम केन्द्रका धेरैजसो पाठ्यांशरूमा रहेको पाठ्यभार देखाउँछ । मूख्य रूपमा चित्रले प्रोजेक्टको केन्द्रीय स्वरूपमा ज्ञान र सीपको आवश्यकता बारे प्रकाश पार्छ । व्यावसायिक तथा सीप विकास तालीमका प्रशिक्षकहरूले तालीम अवधिभर ज्ञान र सीपको विकासमा समन्वय ल्याई प्रोजेक्टमा क्रमवद्धता मिलाउनु पर्दछ । सैद्धान्तिक विषय र सीप त्यस बेलामा सिकाउनु पर्दछ, जुन बेला उक्त विषयमा सीप हासिल गरी प्रशिक्षार्थीहरूले आफ्नो प्रोजेक्ट समाप्त गर्न सक्षम हुन्छन् । यो नै सबैभन्दा प्रभावकारी विधि हो र यसले साधारणतया छिटो र प्रभावकारी शिक्षण प्रदान गर्दछ । जसबाट –

१. प्रशिक्षार्थीले ज्ञान र सीपको महत्व पत्ता लगाउँछ । (प्रेरणा जागृत हुनु)
२. सैद्धान्तिक पाठ र प्रदर्शन पाठमा सम्मिलित हुन्छ । (सिक्दछ)
३. प्रोजेक्टमा नयाँ शिक्षण विधि तुरून्त अपनाउँछ । (अभिप्रेरित हुनु)

## रोजगारमूलक सीप मोडेल (Model of Employable Skill Chart)




**चित्र नं. २**

# मूल्यांकन योजना

ब्युटिसियन सीप अभिवृद्धि सम्बन्धी पाठ्यांशका प्रशिक्षार्थीहरूको निम्न योजना बमोजिम मूल्यांकन गरिन्छ ।

१. क. प्रयोगात्मक भार ८० प्रतिशत

ख. सैद्धान्तिक भार २० प्रतिशत

२. प्रयोगात्मक मूल्यांकन :

क. प्रत्येक प्रशिक्षार्थीहरूले मूल्यांकनको लागि पाठ्यांशको प्रोजेक्टहरू सम्पादन गर्नुपर्दछ ।

ख. पाठ्यांश अवधिभर कम्तीमा दुई पटक प्रयोगात्मक मूल्यांकन हुनेछ ।

ग. प्रयोगात्मक मूल्याङ्कनमा निम्न लिखित कुराहरू समावेश हुनेछ ।

अ. प्रोजेक्टको कार्य वस्तु

आ. प्रशिक्षार्थीहरूको कार्य, सीप र स्तर

इ. कार्यशाला र व्यक्तिगत सुरक्षा

३. सैद्धान्तिक मूल्यांकन :

पाठ्यांश अवधिभर मूल्यांकन गर्न कम्तीमा १ पटक लिखित परीक्षा लिइनेछ । लिखित परीक्षामा सामान्यतया वस्तुगत प्रश्नहरू समावेश हुनेछन् ।

# प्रशिक्षण र सिकाइको लागि मार्ग दर्शनहरू

व्यावसायिक तथा सीप विकास तालीम केन्द्रका प्रशिक्षार्थीहरूको सफलताको लागि आवश्यक प्रमुख प्रशिक्षण र सिकाइका सिद्धान्तहरूः

१. प्रदर्शन सामूहिक प्रशिक्षणको प्रारम्भिक विधि हो ।

२. कोचिङ्ग व्यक्तिगत प्रशिक्षार्थी प्रशिक्षणको प्रारम्भिक विधि हो ।

३. धेरै जसो सैद्धान्तिक विषय योजनावद्ध र समयानुकूल "छोटो वा उदाहरणयुक्त छलफल" माध्यमद्वारा सिकाइन्छ ।

४. आवश्यकता भए अनुसार दृश्य शैक्षिक सामग्रीहरू प्रयोग गर्नु पर्छ । (मोडेल, नमूना, चित्र चार्ट, रेखा, चित्र इत्यादि)

५. शिक्षण कार्य योजना अध्यापन गर्नुभन्दा पहिले नै तयार गर्नु पर्छ ।

६. पाठ्यांशमा शुरूमा नै प्रशिक्षार्थी मूल्याङ्कन योजना प्रशिक्षार्थी समक्ष प्रस्तुत गर्नु पर्छ ।

७. पाठयोजना सैद्धान्तिक र प्रयोगात्मक दुवै विषयमा तयार पार्नु पर्दछ ।

८. राम्रो सिकाइ र लेखाइको लागि प्रशिक्षण लेख तयार पार्नुपर्छ र तिनीहरू प्रशिक्षार्थीहरूलाई ह्याण्ड आउटको रूपमा वितरण गर्नुपर्छ ।

९. कोचिङ्ग व्यक्तिगत प्रशिक्षार्थीको आवश्यकता अनुसार हुनुपर्द्ध र यो पहिले विषय वा प्रदर्शनलाई पुनः दोहोऱ्याउने किसिमको हुनुहुँदैन ।

१०. प्रशिक्षकले राम्रो भावना र सुरक्षा जगाउनुको साथै सीप र ज्ञान प्रदान गर्नुपर्छ ।

११. शिक्षण वातावरण प्रशिक्षार्थीहरूले आफ्नो शिक्षण सिकाइ कार्यमा चाख लिएर भाग लिनेतर्फ उन्मुख हुनु पर्छ । उचित वातावरणको सृजना नै प्रशिक्षकहरूको मूख्य ध्येय हुनुपर्छ ।

१२. नकारात्मक प्रविधि जस्तै पक्षपात, अलमल्ल, आक्षेप (निन्दापूर्ण कुरा) इत्यादिलाई सकभर उत्प्रेरित गरी हटाउनु पर्छ ।

१३. तालीम अवधिभर प्रशिक्षार्थीलाई तालिमप्रति रूचि तथा आदर जगाउनु पर्छ ।

# संक्षिप्त विवरण

## ब्युटिसयिन सीप अभिवृद्धि (संशोधित) विषयको लागि रोजगारमूलक सीप चार्ट

| क्र.सं. | काम र कर्तव्य | कार्य १ | कार्य २ | कार्य ३ | कार्य ४ | कार्य ५ | कार्य ६ | कार्य ७ | कार्य ८ |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | हेयर कटिङ्ग एण्ड ब्लो ड्रायर सेटिङ्ग | परिचय/महत्व | तरिका | | | | | | |
| २. | हेयर ट्रिटमेन्ट | परिचय/महत्व | तरिका | | | | | | |
| ३. | हेयर स्ट्रेट | परिचय/महत्व | तरिका | | | | | | |
| ४. | हेयर पर्मिङ्ग | परिचय/महत्व | तरिका | | | | | | |
| ५. | हेयर कलर | परिचय/महत्व | तरिका | | | | | | |
| ६. | मल्टि कलर हाईलाईट | परिचय/महत्व | तरिका | | | | | | |
| ७. | बेहुली तयार पार्ने | परिचय/महत्व | तरिका | | | | | | |
| ८. | मोडेल तयार पार्ने | परिचय/महत्व | तरिका | | | | | | |
| ९. | फेसियल | परिचय/महत्व | किसिम | प्रयोग | तरिका | | | | |
| १०. | फेश ब्लीच | परिचय/महत्व | तरिका | | | | | | |
| ११. | नेल आर्ट | परिचय/महत्व | तरिका | | | | | | |
| १२. | डिलक्स मेनिक्योर पेडिक्योर | परिचय/महत्व | तरिका | | | | | | |
| १३. | निर्मलीकरण सरसफाई | परिचय/महत्व | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १४. | उद्यमशीलता विकास | | | | | | | | |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| १. | हेयर कटिङ्ग एण्ड ब्लो ड्रायर सेटिङ्ग | १.१ परिचय/महत्व | १.१.१ हेयर कटिङ्गको परिचय तथा महत्व सम्बन्धी ज्ञान | १. कपालको बनावट अनुसार सही style छानेर ग्राहकको कपाल तथा अनुहारको आकर्षण तथा सुन्दरता बढाउन<br>२. सफा र स्वस्थ व्यक्तित्वको झलक |
| | | | १.१.२ ब्लो ड्रायरको परिचय तथा महत्व सम्बन्धी ज्ञान | १. तातो हावाद्वारा कपाललाई सुकाउने<br>२. कपाललाई बाक्लो तथा आकर्षक बनाउने |
| | | १.२ तरिका | १.२.१ हेयर कटिङ्गका विभिन्न तरिका सम्बन्धी ज्ञान | १. स्यागी कट (Shaggy cut)<br>२. लेयर कट (Layer cut)<br>३. कोरियन कट (Korean cut)<br>४. जेन्ट्स (Gents cut)<br>आदि |
| | | | १.२.१.१ स्यागी कट काट्न सक्षम | १. Center मा सिउँदो छुट्ट्याएर कपाललाई दुई भाग लगाउने<br>२. भाग लगाएको कपाललाई दाहिने र देब्रे भागको कपाललाई नाकको टुप्पोमा अगाडि ल्याएर काट्ने<br>३. अन्तमा दुवै तिरको कपाललाई बीचमा ल्याएर नाप्ने र नमिलेको भएमा मिलाउने |
| | | | १.२.१.२ लेयर कट काट्न सक्षम | १. चार भाग गर्ने<br>२. तल्लो भागबाट काट्दै जाने<br>३. यसमा धेरै स्टेप हुंदैन ।<br>४. यस कटले कपालमा धेरै भोलुम दिन्छ ।<br>५. यसको लम्बाई कुमसम्म हुन्छ । |

| | | | | |
|---|---|---|---|---|
| | | | १.२.१.३ कोरियन कट काट्न सक्षम | १. चार भाग गर्ने<br>२. तल्लो भाग देखि (०°-३५°-४५°-९०°-१८०°) मा काट्ने<br>३. काट्दै जाँदा दुवैतिर नाप्दै जाने<br>४. यो कट काट्दा रेजरले वा zigzag कैंचीले पनि काट्न सकिन्छ । |
| | | | १.२.१.४ जेन्ट्स कट काट्न सक्षम | १. कपाललाई घाँटीबाट काट्न शुरू गर्ने<br>२. कपाल काट्दा काईंयो बायाँ हातमा र कैंची दायाँ हातमा समाउने<br>३. कपाललाई काट्दा घाँटीको भागमा छोटो हुँदै माथि क्राउनको भागमा लामो हुने गरी काट्ने<br>४. कपाल काट्दा काईंयो माथि कैंची राखी काईंयोको दाँत भन्दा लामो कपाल काट्ने<br>५. घाँटीभन्दा माथी लामो बनाउंदै जानको लागि कपाल काट्दै जाँदा काईंयो आफूतिर ल्याउने<br>६. कपाल सबैतिर काटिसकेपछि अन्तिममा कान वरीपरी भागमा छुरा लगाउने अथवा कैंचीले नै मिलाउने र कान खोल्ने |
| | | | १.२.२ कपाललाई ग्राहकले चाहेको कटाई अनुसार ड्रायरको सहायताले style दिन सक्षम | १. स्याम्पु गरेको कपाललाई केही चिसो राखेर सुकाउने<br>२. चार भाग पार्ने<br>३. तल्लो भागबाट ब्रसमा कपाल राम्रोसँग बेरेर कपाललाई ड्रायरद्वारा तातो हावा दिएर कपाललाई सेट गर्ने |

| | | | | |
|---|---|---|---|---|
| २. | हेयर ट्रिटमेन्ट | २.१ परिचय/महत्व | २.१.१ ग्राहकको कपालको उपचार गर्न जान्नुपर्ने ज्ञान | १. कपालमा अत्यधिक रसायनको प्रयोग भएर बिग्रेको कपाललाई उपचार गर्ने पद्दति<br>२. बिग्रेको कपाललाई उपचारद्वारा चम्किलो, नरम र स्वस्थ बनाउने प्रक्रिया |
| | | २.२ तरिका | २.२.१ ग्राहकको कपालको उपचार गर्न सक्षम | १. ग्राहकको कपाललाई स्याम्पु गरेर सफा गर्ने<br>२. ग्राहकलाई आरामदायक कुर्सीमा राखेर रूमाल लगाउने र त्यस माथि केप (Apron) लगाउने<br>३. ग्राहकको कपाल अनुसारको treatment cream लगाउने<br>४. कम्पनीद्वारा निर्देशित विधि अपनाई कपालमा treatment लगाउने<br>५. निर्धारित समयसम्म राख्ने<br>६. आवश्यक परेमा तातो वाफ (steam) दिने<br>७. वाफ दिंदा कपाललाई shower cap ले ढाकेर मात्र दिने<br>८. कपालको प्राकृतिक बनावट अनुसार समय निश्चित गर्ने<br>९. अन्तमा कपाललाई नुहाउने<br>१०. कपाल बिग्रेको अवस्था (damage condition) अनुसार हप्तामा एक, दुई वा तीन पटक उपचार गर्ने |
| ३. | हेयर स्ट्रेट | ३.१ परिचय/महत्व | ३.१.१ घुम्रिएको कपाललाई सिधा बनाउनुको परिचय र महत्व सम्बन्धी ज्ञान | १. घुम्रिएको कपाललाई सिधा बनाउने<br>२. आकर्षक देखिने |

| | | | | |
|---|---|---|---|---|
| | | ३.२ तरिका | ३.२.१ घुम्रिएको कपाललाई सिधा बनाउने तरिका सम्बन्धी ज्ञान | १. नुहाएको सफा कपाललाई चार भाग लगाउने<br>२. कपालको तल्लो भाग देखि जराबाट हाफ इन्च छाडी स्ट्रेट क्रिम लगाउने<br>३. समय पुरा भएपछि क्रिम पखाल्ने<br>४. आइरन गर्ने<br>५. न्यूट्रिलाइजर लगाउने<br>६. कन्डिसनर लगाएर पखालेर सुकाउने |
| ४. | हेयर पर्मिङ्ग | ४.१ परिचय/महत्व | ४.१.१ हेयर पर्मिङ्गको परिचय र महत्व सम्बन्धी ज्ञान | १. सिधा कपाललाई घुम्रिएको बनाउने<br>२. Stylish एवं आकर्षक देखिने |
| | | ४.२ तरिका | ४.२.१ हेयर पर्मिङ्ग गर्ने तरिका सम्बन्धी ज्ञान | १. नुहाएको सफा कपललाई चार भाग लगाउने<br>२. कपालको तल्लो भाग देखि जारबाट हाफ इन्च छाडी पर्म लोशन लगाई रोलर बेर्दै पुरै कपालमा रोलर लगाउने<br>३. समय पुरा भएपछि रोलर सहित पखाल्ने र सुकाउने<br>४. न्यूट्रिलाइजर लगाउने र पखाल्दा कपाल S आकारमा आएको हुनुपर्ने<br>५. हेयर मुस वा जेल लगाइदिने |
| ५. | हेयर कलर | ५.१ परिचय/महत्व | ५.१.१ हेयर कलरको परिचय र महत्व सम्बन्धी ज्ञान | १. कपाललाई विभिन्न कलरमा रंगाउने<br>२. Stylish एवं आकर्षक देखिने |

| | | | | |
|---|---|---|---|---|
| | | ५.२ तरिका | ५.२.१ हेयर कलर गर्ने तरिका सम्बन्धी ज्ञान | १. नुहाएको सफा कपाललाई चार भाग लगाउने<br>२. Patch test or skin test गरेको हुनुपर्ने<br>३. कपालको तल्लो भाग देखि जराबाट हाफ इन्च छोडेर ग्राहकको इच्छा अनुसारको कलर र डेभलपर राम्रोसँग फिटेर लगाउने<br>४. समय पुरा भएपछि पाखाल्ने र कन्डिसनर लगाई सेट गर्ने |
| ६. | मल्टि कलर हाईलाइट | ६.१ परिचय/महत्व | ६.१.१ कपालमा विभिन्न रङ्गले highlight गर्ने विधि | १. कपालमा विभिन्न अप्राकृतिक रङ्ग लगाउने विधि<br>२. कपाललाई आकर्षक देखाउन |
| | | ६.२ तरिका | ६.२.१ कपालमा विभिन्न रङ्गले highlight गर्न सक्षम | १. कपालको रङ्ग कालो अथवा गाडा भएमा कपालमा multi highlight गर्न नमिल्ने हुनाले कपाललाई hydrogen peroxide र bleaching powder को मिश्रणले light रङ्गमा निकाल्ने<br>२. कपाललाई light रङ्गमा ल्याएपछि त्यसमा बजारमा पाउने विभिन्न अप्राकृतिक रङ्गलाई hydrogen peroxide मा मिलाएर रङ्ग लगाउने<br>३. निर्दिष्ट समयपछि कपाललाई नुहाइदिने |
| ७. | बेहुली तयार पार्ने | ७.१ परिचय/महत्व | ७.१.१ साधारण महिलालाई सोह्र श्रृंगारद्वारा बेहुली बनाउन सक्षम | १. विवाहको लागि महिलालाई सोह्र श्रृंगारद्वारा तयार पारिने |

| | | | | |
|---|---|---|---|---|
| | | ७.२ तरिका | ७.२.१ बेहुलीको मेकअप गर्न सक्षम | १. सफा गरेको अनुहारमा वेश तयार गर्ने<br>२. आँखाको मेकअप गर्ने<br>३. ओठको मेकअप गर्ने<br>४. गालाको अेकअप गर्ने<br>५. बेहुली टिका लगाएर फिनिसिङ्ग दिने |
| | | | ७.२.२ बेहुलीको जुरो बनाउन सक्षम | १. Top knot<br>२. Center knot<br>३. Neck/low knot<br>४. Readymade जुरो राख्ने<br>५. तरिका मिलाई विभिन्न किसिमका जुरो बनाउन सक्षम |
| | | | ७.२.३ बेहुलीलाई मेहन्दी लगाइदिन सक्षम | १. मेहन्दी लगाउने भागमा सफा गरी मेहन्दी तेल लगाउने<br>२. बेहुली कट्टा बनाउने<br>३. मेहन्दी कट्टा सुकेपछि चिनी कागती घोलेर गाउने<br>४. समय पुरा भएपछि उतारिदिने |
| ८. | मोडेल तयार पार्ने | ८.१ परिचय/महत्व | ८.१.१ साधारण महिलालाई सोह्र श्रृंगारद्वारा मोडेल बनाउन सक्षम | १. श्रृंगारद्वारा मोडल तयार पारिने |

| | | | | |
|---|---|---|---|---|
| | | ८.२ तरिका | ८.२.१ मोडेलको मेकअप गर्न सक्षम | १. सफा गरेको अनुहारमा वेश तयार गर्ने<br>२. आँखाको मेकअप गर्ने<br>३. ओठको मेकअप गर्ने<br>४. गालाको अेकअप गर्ने<br>५. आवश्यकता अनुसार टिका लगाएर फिनिसिङ्ग दिने |
| | | | ८.२.२ मोडेलको जुरो बनाउन सक्षम | १. Top knot<br>२. Center knot<br>३. Neck/low knot<br>४. Readymade जुरो राख्ने<br>५. तरिका मिलाई विभिन्न किसिमका जुरो बनाउन सक्षम |
| ९. | फेसियल | ९.१ परिचय/महत्व | ९.१.१ विभिन्न प्रकृतिको छालामा फेसियल गर्ने सम्बन्धी परिचय र महत्व सम्बन्धी ज्ञान | १. उमेर अनुसार छालामा आउने विभिन्न समस्याबाट बच्न अपनाउने विधि |
| | | ९.२ किसिम | ९.२.१ छालाको प्रकार तथा अवसर अनुसार विभिन्न किसिमको फेसियल क्रिम उपयोग गर्न सक्षम | १. साधारण फेसियल (Normal Facial)<br>२. गोल्ड फेसियल (Gold Facial)<br>३. पर्ल फेसियल (Pearl Facial) |
| | | ९.३ प्रयोग | ९.३.१ छालाको प्रकृति र अवसर अनुसार सही फेसियल क्रिम प्रयोग गर्न सक्षम | १. २० वर्ष माथिका महिला/पुरूषलाई फेसियल गर्ने<br>२. फेसियल गरेको महिना दिनमा पुनः फेसियल गर्न सकिने<br>३. गोल्ड/पर्ल फेसियल विशेष अवसरमा गर्ने |
| | | ९.४ तरिका | ९.४.१ आवश्यकता र विशेष अवसर | १. Cleansing द्वारा अनुहारमा भएको |

| | | | | |
|---|---|---|---|---|
| | | | अनुसार सही तरिकाले फेसियल गर्न सक्षम | विकारक पदार्थ र फोहोरहरू हटाउने<br>२. Scrub ले हलुका हातले मसाज गरेर अनुरामा भएको मरेका छालाहरू हटाउने<br>३. जेलद्वारा अनुहारमा मसाज गर्ने<br>४. मसाज क्रिमद्वारा मसाज स्टेप अपनाएर अनुहारमा मसाज गर्ने<br>५. अनुहारमा सही ढङ्गमा फेस प्याक लगाउने<br>६. फेस प्याक हटाएर अनुहारमा moisturizer लगाइदिने |
| १०. | फेश ब्लीच | १०.१ परिचय/महत्व | १०.१.१ विभिन्न प्रकृतिको छालामा ब्लीच गर्नुको परिचय र महत्व सम्बन्धी ज्ञान | १. अनुहारको छालाको रौंलाई अनुहारको रंगसँग मिलाउनु |
| | | १०.२ तरिका | १०.२.१ फेश ब्लीच गर्ने तरिका सम्बन्धी ज्ञान | १. अनुहारमा भएको रौंलाई केमिकल क्रीमद्वारा रंगाई छाला गोरो देखाउनु<br>२. अनुहार सफा गर्ने<br>३. Patern test गर्ने<br>४. छालाको प्रकार अनुसार क्रीम र एक्टीभेटर मिलाएर चिउँडो देखि लगाएर पुरै अनुहारमा लगाउने<br>५. समय पुरा भएपछि राम्रोसँग सफा गरी मोइस्चराइजर र सन केयर लगाउने |
| ११. | नेल आर्ट (Nail Art) | ११.१ परिचय/महत्व | ११.१.१ नङ्गलाई विभिन्न आकार प्रकार अनुसार बुट्टा बनाई सजाउने सम्बन्धी परिचय/महत्वको ज्ञान | १. नङ्गलाई विभिन्न आकार प्रकार अनुसार बुट्टा बनाई नङ्ग सजाउने<br>२. नङ्ग आकर्षक बनाउने<br>३. क्युटिकल स्वस्थ हुने |
| | | ११.२ तरिका | ११.२.१ नङ्गमा विभिन्न आकार प्रकार | १. नङ्गको परिक्षण गर्ने |

| | | | | |
|---|---|---|---|---|
| | | | अनुसार बुट्टा बनाउन र सजाउन सक्षम | २. मेनिक्योर गरेपछि टेराकोट लगाउने र त्यस माथि रङ्ग बुट्टा छानेर डिजाइन बनाइदिने |
| १२. | डिलक्स मेनिक्योर पेडिक्योर | १२.१ परिचय/महत्व | १२.१.१ डिलक्स मेनिक्योर पेडिक्योरको परिचय र महत्व सम्बन्धी ज्ञान | १. हात र खुट्टाको मसाज क्रिमद्वारा मसाज गरी नङ्गको आकार मिलाउने प्रक्रियालाई मेनिक्योर, पेडिक्योर भनिन्छ । |
| | | १२.२ तरिका | १२.२.१ डिलक्स मेनिक्योर पेडिक्योर गर्ने तरिका सम्बन्धी ज्ञान | १. आवश्यक सामग्री तयार पार्ने<br>२. बाटमा मेनिक्योर पेडिक्योरको सामग्री राखी हात र खुट्टा सफा गर्ने<br>३. हात खुट्टाको मसाज गर्ने र प्याक लगाउने<br>४. कभरिङ्ग क्रिम लगाउने |
| १३. | निर्मलीकरण तथा सरसफाई (Sterilization and Sanitation) | १३.१ परिचय/महत्व | १३.१.१ निर्मलीकरण तथा सरसफाईको परिचय र महत्व सम्बन्धी ज्ञान | १. रोग संक्रमण रहित बनाउने<br>२. किटाणु मुक्त बनाउने<br>३. निर्मलीकरण गर्ने तरिका :<br>• Physical sanitation method<br>• Chemical sanitation method<br>४. विभिन्न प्रकारका किटाणुहरूलाई रसायनिक पदार्थद्वारा निर्मूल पार्ने जस्तैः Alcohol, Chlorozal, Phenol, Lysol, Savlon, Dettol तथा सबै प्रकारका disinfectant solutions |

**Entrepreneurship Development**

| S.N. | Topic | Hours | Activity |
|---|---|---|---|
| A | Self Assessment | 1:30 | Think about yourself/Brainstorming<br>Writing essay about past and present activities.<br>Information abour SWOT.<br>म्भकअचष्दष्लन बदयगत क्ष्इत नष्खष्लन यधल भहकउभि<br>Making future plan according to SWOT |
| B | Employment, Self Employment | 1:30 | Discussion<br>Introduction about business<br>Difference between employment & self-employment.<br>Important & steps of business. |
| C | Risk Taking Exercises | 1:30 | Game playing<br>Discussion<br>Introduction about risk<br>Types of risk<br>Suggestion what type of risk should be taken in business |
| D | Creativity & Goal Setting | 1:30 | Brainstorming<br>What is creativity?<br>What are the barriers of creativity<br>The way to overcome the barriers |
| E | Business Opportunities and Selection of Business | 4:30 | What are business opportunities?<br>What are the major factors that involved to see opportunities.<br>Major criteria to select business.<br>Business Plan |
| F | Entrepreneurship Development | 1:30 | Brainstorming<br>Discussion about entrepreneurship<br>Major Characters of good entrepreneurship |
| G | Market & Marketing Strategy | 1:30 | Brainstorming<br>What is market?<br>What is marketing?<br>How to plan marketing strategy? |
| H | Management (Capital production & Sales) | 1:30 | Discussion about management.<br>Credit management & its related institutions<br>Production and sales management |
| | Total Hrs. | 15:00 | |

# <u>आवश्यक सामान, मेसिन, औजार तथा उपकरणहरूको विवरण</u>

प्रशिक्षार्थी संख्या – २०

| क्र.सं. | विवरण | साइज | परीमाण | इकाई | कैफियत |
|---|---|---|---|---|---|
| १. | वर्कशप | २०×१० | १ | कोठा | |
| २. | हेयर कटिङ्ग टेबुल | ३×१ १/२ | २ | वटा | |
| ३. | हेयर कटिङ्ग कुर्सी | | २० | वटा | |
| ४. | ऐना | २×१ | २ | वटा | |
| ५. | रूमाल (Towel) | सानो | २० | वटा | |
| | | मध्यम | १० | वटा | |
| | | ठूलो | १० | वटा | |
| ६. | एप्रोन कोट (Apron Coat) | | १० | वटा | |
| ७. | एप्रोन केप (Apron Cape) | | १० | वटा | |
| ८. | एप्रोन (Apron) | | १० | वटा | |
| ९. | कांइयो (Comb) | ठूलो | १० | वटा | |
| | | सानो | १० | वटा | |
| | | चुच्चे | १० | वटा | |
| | | हजाम | १० | वटा | |
| १०. | व्रस (Brush) | ठूलो | ४ | दर्जन | |
| | | मध्यम | ४ | दर्जन | |
| | | सानो | २ | दर्जन | |
| ११. | जाको क्लिप (Jacko Clip) | ठूलो | १० | दर्जन | |
| | | सानो | १२ | दर्जन | |
| १२. | हुड ड्रायर (Hood Dryer) | | १ | वटा | |
| १३. | हेण्ड ड्रायर (Hand Dryer) | | ६ | वटा | |
| १४. | आइरन रड (Iron Rod)/ हेयर आइरन | | ३/३ | वटा | |
| १५. | प्लाष्टिक रोलर्स (Plastic Rollers) | ठूलो | १० | दर्जन | |
| | | मध्यम | ६ | दर्जन | |
| | | सानो | ६ | दर्जन | |
| १६. | वाटर स्प्रे (Water Spray) | | १० | वटा | |
| १७. | कैंची (Scissors) | | २० | वटा | |
| १८. | क्लिपर (Clipper) | | २ | वटा | |
| १९. | इलेक्ट्रिक किट्ली (Electric Kettle) | मध्यम | २ | वटा | |
| २०. | स्टोरिङ्ग क्याविनेट (Storing Cabinet) | | २ | वटा | |
| २१. | शावर समेतको वास वेसिन (Basin with Shower) | | २ | वटा | |
| २२. | प्लाष्टिक क्याप (Plastic Cap) | | ६ | वटा | |
| २३. | शो केश (Show Case) | | २ | वटा | |
| २४. | स्टाइल बुक (Style Book) | | २ | वटा | |

| क्र.सं. | विवरण | साइज | परीमाण | इकाई | कैफियत |
|---|---|---|---|---|---|
| २५. | जुरो पिन (Judo pin) | ठूलो | १० | पाकेट | |
| | | मध्यम | १० | पाकेट | |
| | | सानो | १० | पाकेट | |
| | | सजावट पिन | १० | पाकेट | |
| २६. | हेयर स्प्रे (Hair Spray) | | ४ | वटा | |
| २७. | रबर व्याण्ड (Rubber Band) | | ६ | दर्जन | |
| २८. | बब पिन | | २ | दर्जन | |
| २९. | हेयर सेटिङ्ग जेल (Hair setting gel) | ठूलो | ३ | वटा | |
| ३०. | हेड स्टिमर (Head Steamer) | | १ | वटा | |
| ३१. | हेयर व्याण्ड (Hair Band) | | १० | वटा | |
| ३२. | स्पन्ज (Sponge) | | १० | वटा | |
| ३३. | पर्म रोलर्स (Perm Rollers) | ठूलो | ६ | दर्जन | |
| | | मध्यम | ६ | दर्जन | |
| | | सानो | ६ | दर्जन | |
| ३४. | प्लाष्टिकको कचौरा (Plastic Bowl) | | ६ | वटा | |
| ३५. | रबरको पन्जा (Rubber Gloves) | | १० | जोर | |
| ३६. | फेशियल वेड (Facial Bed) | ३×७ | १ | वटा | |
| ३७. | फेश स्टिमर (Face Steamer) | | १ | वटा | |
| ३८. | स्टिम पट (Steam pot) | | २ | वटा | |
| ३९. | एप्लिकेटर व्रस (Applicator Brush) | | १० | वटा | |
| ४०. | फेस व्रस (Face Brush) | | १० | वटा | |
| ४१. | धागो (Thread) | | १२ | वटा | |
| ४२. | ट्वीजर (Tewazer) | | ६ | वटा | |
| ४३. | मेनिक्योर टेबुल (Manicure Table) | | २ | वटा | |
| ४४. | पेडिक्योर स्टूल (Pedicure stool) | | २ | वटा | |
| ४५. | पेडिक्योर बाटा (Pedicure Bowl) | | ४ | वटा | |
| ४६. | डस्टविन | | २ | वटा | |
| ४७. | कोलिन | | २ | बोतल | |
| ४८. | ऐना पुछ्ने फलाटिन | | २ | मिटर | |
| ४९. | स्याम्पू कैप | | ६ | थान | |
| ५०. | इयर कैप | | ६ | जोर | |
| ५१. | हेयर टोनिक | २०० मि.लि. | २ | बोतल | |
| ५२. | कटन | ठूलो | ३ | रोल | |
| ५३. | हेयर ट्रिटमेन्ट क्रिम | ५०० मि.लि. | २ | बट्टा | |
| ५४. | अलिभ आयल | ५०० मि.लि. | १ | बोतल | |
| ५५. | क्यास्ट्रोल आयल | ५० मि.लि. | ३ | बोतल | |

| क्र.सं. | विवरण | साइज | परीमाण | इकाई | कैफियत |
|---|---|---|---|---|---|
| ५६. | मिक्स हर्बल प्याक | १०० ग्राम | १० | पाकेट | |
| ५७. | हेयर स्ट्रेट क्रिम सेट | १००० मि.लि. | २ | सेट | |
| ५८. | हेयर सिरम वा कोट | २०० मि.लि. | २ | बोतल | |
| ५९. | मास्क | | २० | वटा | |
| ६०. | हेयर सोलुसन | ४०० मि.लि. | १ | बोतल | |
| ६१. | हिट प्रोटेक्सन स्प्रे | ३०० मि.लि. | १ | बोतल | |
| ६२. | पर्म लोसन | ५०० मि.लि. | २ | बोतल | |
| ६३. | न्यूट्रिलाइजर | ५०० मि.लि. | २ | बोतल | |
| ६४. | इन्ड पेपर वा पोरस पेपर | | १० | थान | |
| ६५. | वेट जेल | ५०० मि.लि. | २ | बोतल | |
| ६६. | हेयर मुस | ५०० मि.लि. | ३ | बोतल | |
| ६७. | हेयर नेट | | ६ | थान | |
| ६८. | हेयर कलर (विभिन्न कलर) | २०० ग्राम | ६ | पाकेट | |
| ६९. | डाई ब्रस | | १० | थान | |
| ७०. | सैम्पु | ५०० मि.लि. | ३ | बोतल | |
| ७१. | कन्डिसनर | ५०० मि.लि. | ३ | बोतल | |
| ७२. | मल्टिकलर्स | ५० ग्राम | ४० | पाकेट | |
| ७३. | फ्वाइल पेपर | १ के.जी. रोल | १ | रोल | |
| ७४. | डेभलपर | ५०० ग्राम | २ | बोतल | |
| ७५. | ब्लिच पाउडर | ५०० ग्राम | २ | बट्टा | |
| ७६. | लिपिस्टिक | | १० | थान | |
| ७७. | आई लाइनर (विभिन्न कलर) | | ६ | थान | |
| ७८. | मस्कारा (विभिन्न कलर) | | ६ | थान | |
| ७९. | फाउन्डेसन (४ कलर) | ५० ग्राम | ८ | थान | |
| ८०. | मेकअप प्यालेट | | २ | थान | |
| ८१. | फेसियल ब्याण्ड | | १० | थान | |
| ८२. | मेकअप ब्रस सेट | | ३ | सेट | |
| ८३. | क्लिन्जिङ्ग मिल्क | ५०० मि.लि. | ४ | बोतल | |
| ८४. | आई स्याडो | | ४ | थान | |
| ८५. | मेकअप किट | ठूलो | २ | थान | |
| ८६. | रोज | | ४ | थान | |
| ८७. | म्वाइस्चराइजर | ५०० मि.लि. | २ | बोतल | |
| ८८. | टोनर | ५०० मि.लि. | २ | बोतल | |
| ८९. | आई कर्ल मेसिन | | ६ | थान | |
| ९०. | मेकअप फिक्सर | ३०० मि.लि. | १ | बोतल | |
| ९१. | पान स्टिक | | २ | थान | |
| ९२. | कन्सिलर | | ४ | थान | |
| ९३. | आई ब्रो कलरहरू | | ४ | थान | |
| ९४. | मेकअप स्पन्ज | | ६ | थान | |
| ९५. | लुज पाउडर | ५० ग्राम | ४ | बट्टा | |
| ९६. | ब्राइडल तथा मोडल टिकाहरू | | ६ | पत्ता | |
| ९७. | ड्राई टिस्यू पेपर | | ६ | पाकेट | |
| ९८. | वेट टिस्यू पेपर | | ६ | पाकेट | |
| ९९. | नेल पोलिस (विभिन्न कलर) | १० मि.लि. | २४ | थान | |

| क्र.सं. | विवरण | साइज | परीमाण | इकाई | कैफियत |
|---|---|---|---|---|---|
| १००. | मेहन्दी कोन | | २ | बट्टा | |
| १०१. | मेहन्दी तेल | १० मि.लि. | ६ | बोतल | |
| १०२. | मेहन्दी क्याटलग | | २ | थान | |
| १०३. | धार नभएको चक्कु | | २ | थान | |
| १०४. | जुरो नेट | | ६ | थान | |
| १०५. | जुरो डेकोरेशन सेट | | ४ | सेट | |
| १०६. | फेशियल किट सेट | | | | |
| | - नर्मल | | १ | सेट | |
| | - गोल्ड | | १ | सेट | |
| | - एन्टि एजिङ्ग | | १ | सेट | |
| १०७. | रोज वाटर | ५०० मि.लि. | ४ | बोतल | |
| १०८. | सन ब्लक क्रिम/लोसन | १०० ग्राम | ४ | ट्यूव | |
| १०९. | आई प्याड | | २ | सेट | |
| ११०. | फेश ब्लिच क्रिम | ५०० ग्राम | १ | बट्टा | |
| १११. | बेस कोट/टप कोट | १० मि.लि. | ६ | थान | |
| ११२. | नेल आर्ट पेन | | २ | दर्जन | |
| ११३. | फेब्रिक कलर (६ वटा विभिन्न रंग) | १५ मि.लि. | ६ | बोतल | |
| ११४. | मेनिक्योर सेट | | ४ | सेट | |
| ११५. | फिङ्गर प्याड | | ४ | थान | |
| ११६. | ह्याण्ड कुशन | | ४ | थान | |
| ११७. | नेल टेप | | ४ | थान | |
| ११८. | ट्रली | | २ | थान | |
| ११९. | नेल स्टोन | | ६ | सेट | |
| १२०. | नेल स्टिकर | | १० | पत्ता | |
| १२१. | टुथ पिक | १०० थान | २ | बट्टा | |
| १२२. | नेल पलिस रिमुवर | ५० मि.लि. | १० | बोतल | |
| १२३. | नेल आर्ट ब्रस | | १० | थान | |
| १२४. | बडी लोसन | ५०० मि.लि. | २ | बोतल | |
| १२५. | मेनिक्योर/पेडिक्योर क्रिम सेट | | १/१ | सेट | |
| १२६. | क्रिम | ५०० ग्राम | १ | बट्टा | |
| १२७. | हाइड्रोजन पेरोक्साईड | ५०० मि.लि. | २ | बोतल | |
| १२८. | डिटोल | ५०० मि.लि. | २ | बोतल | |
| १२९. | क्यालामाइन लोसन | २०० मि.लि. | २ | बोतल | |
| १३०. | मेनिक्योर/पेडिक्योर स्याम्पू | ५०० मि.लि. | २ | बोतल | |
| १३१. | प्यूमिक स्टोन | | ६ | थान | |
| १३२. | नेल ब्रस | | ६ | थान | |
| १३३. | पेडिक्योर टब | इलेक्ट्रिक | २ | थान | |
| १३४. | सर्फ | ५०० ग्राम | २ | पाकेट | |
| १३५. | फिनेल गोटी | | २ | पाकेट | |
| १३६. | हाते रूमाल | | ६ | थान | |
| १३७. | डिटोल साबुन | | ६ | थान | |
| १३८. | फोटोकपी पेपर | ८० ग्राम | १ | रिम | |
| १३९. | चार्ट पेपर | | ६ | थान | |